**नगर सभाका सम्मानित सभा अध्यक्ष तथा नगर प्रमुख ज्यू**

**नगर सभाका सदस्य ज्यू**

नगर सरकारको बजेट तर्जुमा समितिको संयोजकको हैसियतले नगर सभाको यस बैठकमा आगामी आर्थिक बर्ष २०७७/७८ को बजेट यस विषम कोभिड १९ माहामारी विच प्रस्तुत गरिरहेकोछु ।

यस अवसरमा मुलुकलाई संघीय लोकतन्त्र गणतन्त्रको युगमा ल्याउने क्रममा जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात महान शहीदहरु मधेश आन्दोलनका शहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

विश्व नै अहिले महामारीको प्रभावले कठीन अबस्थामा गुज्रिरहकोछ । यस महामारीबाट ज्यान गुमाउने देश तथा विदेशका सम्पूर्ण नागरिकहरु प्रति हार्दिक श्रध्दान्जली अर्पण गर्दछु तथा संक्रमणबाट जुधिरहेकाहरु प्रति शिध्र स्वास्थ्य लाभको कामना इश्वरसंग गर्न चाहान्छु । यस माहामारी विरुद्ध आफ्नो ज्यानको पर्वाह नगरी अग्रपंतीमा रहेर सेवारत चिकित्सक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी सवारी चालक तथा राष्ट्रसेवक कमर्मचारीहरुमा हृदयदेखि आभार प्रकट गर्न चाहान्छु र यसैगरि बन्दाबन्दी (lockdowon) को पूर्व समय देखि नै नागरिकहरु संग नजिक रहेर हरसमय सेवा पुर्याउनु भएका जनप्रतिनिधीहरुमा समेत सम्मान प्रकट गर्न चाहान्छु । यस बिषम परिस्थिले गत बर्ष पारित भएका बार्षिक योजना तथा कार्यक्रमहरु सम्पन्न गर्ने समयमा हामी माहामारीलाइ परास्त गर्न केन्द्रित भयौं । यसको परिमाण बजेट र कार्यक्रम लिएको लक्ष्य अनुरुप प्रगती हुन नसकेको अवगत गराउन चाहान्छु । यस नगरपालिकाको सिमित स्रोत साधनले आउने दिनमा अधिकत्तम सदुपयोग गर्नु पर्ने छ ।कोभिड -१९ को प्रवाभबाट श्रृजना हुने बेरोजगारीका समस्या, सुविधा सम्पन्न स्वास्थ्यसेवा, कृषिमा आधुनिकिकरण विपन्नवर्गको आयआर्जनमा बृद्धि जस्ता महत्वपूर्ण क्षेत्रलाइ समेटदै प्राप्त स्रोत साधनलाई अधिकत्तम प्रतिफल दिने योजना तथा कार्यक्रमहरुमा विनियोजन गर्ने प्रयास गरेको छु । यसले सवै पक्षहरुको चाहानालाई समेटने प्रयास गरिएकोछ ।

अव आगामी आर्थिक बर्ष २०७७/७८ को बजेटको उदेश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**उपस्थित महानुभावहरु,**

- कोभिड १९ माहामारी रोकथाम, नियंत्रण तथा सुरक्षा सम्बन्धी बिषयहरु ।
- आर्थिक तथा सामाजिक विकासका माध्यमबाट गरिवी निवारणमा प्रत्यक्ष योगदान दिने विषयहरु,

- कृषि तथा पशुजन्य उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने विषयहरु,
- युवा रोजगारी जनताको जीवनस्तर, आम्दानीमा बढावा हुने विषयहरु,
- स्थानीय श्रोत साधन र सीपको अधिकतम प्रयोग हुने विषयहरु,
- महिला बालबालिका तथा लक्षित समुदायलाई प्रत्यक्ष लाभ पुग्ने विषयहरु,
- लैङ्गिक समानता र सामाजिक समाबेशिकरणलाई टेवा पुग्ने विषयहरु,
- दिगो विकास वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुर्याउने विषयहरु,

अब म यस सभा समक्ष आगामी आर्थिक वर्ष २०७७/०७८ का लागि प्रस्तावित आयव्ययको विवरण निम्नानुसार प्रस्तुत गर्न अनुमति चाहन्छु ।

यस नगरसभाअध्यक्ष तथा प्रमुख ज्यूबाट प्रस्तुत नीति तथा कार्यक्रमहरुलाई कार्यरुप दिन तथा नगरवासीको माग बमोजिमका योजना/कार्यक्रमहरुका लागि संघीय सरकारबाट प्राप्त बजेट, प्रदेश सरकारबाट प्राप्त बजेट, आन्तरिक आम्दानी र दातृ निकाय एवं संघसंस्थाबाट उपलब्ध भएको स्रोत अनुमान विवरणका आधारमा आ.व २०७७।०७८ को **कुल बजेट ८७ करोड ६२ लाख ७४ हजार ७ सय १६** मध्ये आन्तरिक आय तर्फ २ करोड ७१ लाख तथा वित्तिय समानीकरण अनुदान तर्फ रु १८ करोड, बिषयगत शर्शत अनुदान ३२ करोड ६८ लाख, सडक बोर्ड, बहुक्षेत्रिय पोषण, युनिसेफ, संसद कोष, विधायक कोष, प्रदेश कोष लगायत अन्य निकायबाट अनुदान ३४ करोड २३ लाख ७४ हजार ७ सय १६ कुल आय अनुमान गरि आगामी आर्थिक वर्षको लागि निम्नानुसार को खर्च प्रस्ताव गरिएको छ । जसमा, चालु तर्फ (आन्तरिक स्रोत,वडा संचालन,राजस्व बाँडफाँड, संघीय राजस्व बाँडफाँड, प्रदेश वित्तिय समानीकरणको प्रशासनिक, सेवा निवृत सुबिधा कार्यक्रम समेत गरी रु.१७ करोड १० लाख ५० हजार मध्ये वडा कार्यालय व्यवस्थापन खर्च रु.१ करोड ९२ लाख रहेको छ ।

चालु तर्फ बिषयगत (उर्जा,पशु, कृषि,स्वास्थ्य, शिक्षा) को शर्शत अनुदान रु ३२ करोड ६८ लाख

**कुल चालु खर्च रु ४९ करोड ८३ लाख ५० हजार**

कुल पुंजिगत तथा वाह्य श्रोत तर्फ

**रु. ३७ करोड ७९ लाख २४ हजार ७ सय १६ मध्ये वडा स्तरीय योजना रु ११ करोड २० लाख समेत रहेको छ ।**

अव म कुल बजेटको संक्षिप्त विवरण पेश गर्न चाहान्छु ।

| सि.न | कार्यक्रमको विवरण | आ.व.२०७७/०७८ प्रस्तावित विस्तृत व्यय |
|---|---|---|
| **क** | **गत बर्षको मौज्दात,आन्तरिक,वित्तीय समानीकरण संघिय तथा प्रदेश र राजस्व बाडफाड संघिय अनुदान समेतको चालु तर्फ** | |
| १. | चालु तर्फ( तलव, भत्ता, कर्मचारी कल्याण कोष, कार्यालय संचालन लगायत अन्य प्रशासनिक चालु तर्फ) | **१५ करोड १८ लाख ५० हजार** |
| २. | वडा कार्यालय संचालन तथा व्यवस्थापन तर्फ | **१ करोड ९२ लाख** |
| | **जम्मा** | **१७ करोड १० लाख ५० हजार** |
| **ख** | **विषयगत शशर्त चालु अनुदान** | |
| १ | शिक्षा तलव भत्ता तथा कार्यक्रम तर्फ | **१८ करोड ६६ लाख** |
| २ | स्वास्थ्य तलव भत्ता तथा कार्यक्रम तर्फ | **४ करोड ९४ लाख** |
| ३ | पशुपंक्षी कार्यक्रम तर्फ | **११ लाख** |
| ४ | कृषि कार्यक्रम तर्फ | **५५ लाख** |
| ५ | उर्जा कार्यक्रम तर्फ | **८ लाख** |
| ६ | रोजगार प्रबर्धन कार्यक्रम तर्फ | **५९ लाख** |
| ७ | प्रधानमन्त्री रोजगार तलब भत्ता र कार्यक्रम तर्फ | **६३ लाख** |
| ८ | पञ्जिकरण | **४७ लाख** |
| ९ | पूर्वाधार निर्माण तर्फ | **१ करोड ३५ लाख** |
| १० | गरिव पहिचान कार्यक्रम तर्फ | **३६ लाख** |
| ११ | महिला तथा वालवालिका कार्यक्रम तर्फ | **३ लाख** |
| १२ | शासकीय क्षमता विकास कार्यक्रम तर्फ | **२ करोड ५५ लाख** |
| १३ | लघु उधम विकास कार्यक्रम तर्फ | **३६ लाख** |
| १४ | शहरी क्षमता विकास तथा पूर्वाधार आयोजना | २ करोड |
| | **बिषयगत शशर्त चालु अनुदान समपुरक समेत जम्मा** | ३२ करोड ६८ लाख |
| **ग** | **अन्य निकाय शशर्त चालु अनुदान** | |
| १. | प्रदेश तथा स्थानीय तह क्षमता बिकास तर्फ | **५ लाख** |
| | **जम्मा** | **५ लाख** |
| | **नगरको चालु वडा, व्यवस्थापन संघिय तथा प्रदेश शशर्त समेत** | ४९ करोड ८३ लाख ५० हजार |

| | | |
|---|---|---|
| | **पूजीगत तर्फ** | |
| घ | **वित्तिय समानिकरण संघिय तथा राजस्व बाडफाड संघिय निशर्त पूजीगत अनुदान तर्फ** | |
| | **संघिय सशर्त बाहेक ना.पा. बाट विभिन्न विषगत शाखा तर्फ जम्मा** | |
| १ | शिक्षा तर्फ | ३० लाख |
| २ | स्वास्थ्य तर्फ | ५० लाख |
| ३ | पशुपन्क्षि तर्फ | २५ लाख |
| ४ | कृषि तर्फ | ३५ लाख |
| | जम्मा | १ करोड ४०लाख |
| | **आर्थिक तथा सामाजिक बिकास तर्फ** | |
| १ | वन (नर्सरी तथा वृक्षारोपन ) तर्फ | १० लाख |
| २ | महिला, बाल ज्येष्ठ नागरिकतथा अन्य जातजाति लक्षित कार्यक्रम तर्फ | ३७ लाख |
| ३ | ग.ना.सिंह स.अँ.अस्पताल अनुदान | ३० लाख |
| ४ | भवन निर्माण | २० लाख |
| ५ | निर्मित सार्वजनिक सम्पति सम्भार एवं मर्मत तर्फ | २८ लाख |
| ६ | नगरपालिकाको अगाडि संरचना सुधार तर्फ | १५ लाख |
| ७ | फर्निचर तथा फिक्चर्स | २५ लाख |
| ८ | सवारी साधन खरिद तथा मर्मत संभार | १ करोड ३ लाख |
| ९ | मेसिनरी औजार तथा अन्य उपकरण | २० लाख |
| १० | खानेपानी सामान तर्फ | ८ लाख |
| ११ | सडक बत्ति सामान तर्फ | ५० लाख |
| १२ | सरसफाई सामान तर्फ | १० लाख |
| १३ | प्रकोप तथा विपद न्यूनिकरण/ नियन्त्रण व्यवस्थापन तर्फ | ३० लाख |
| १४ | प्राविधिक तथा अन्य परामर्श सेवा तर्फ | १करोड |
| १५ | म्याचिगं फण्ड (सम्पुरक कोष) | २ करोड ४० लाख६२ हजार७१६ |
| | | |
| | **भौतिक पूर्वाधार तर्फ हुने खर्च हरु** | |
| | नगरस्तरिय योजना जम्मा | ५ करोड ८८ लाख ३५ हजार |
| | वडा नं १ को वडा कार्यालय भवन निर्माण तर्फ | ६५ लाख |
| | फोहोर व्यवस्थापन / dumping site | २० लाख |

| | | |
|---|---|---|
| | नाला, स्ल्याब तथा सडक निर्माण क्रमागत तर्फ | १७ लाख |
| | प्राविधिक शिक्षालय संचालन तर्फ | २५ लाख |
| | वडा कार्यालय भवनमा नयाँ संरचना थप तर्फ | ३० लाख |
| | अन्य साना भौतिक पूर्वाधार निर्माण तथा मर्मत सम्भार तर्फ | ३० लाख |
| | वडा योजना तर्फ | ११ करोड २० लाख |
| | **जम्मा** | २६करोड२१लाख९७हजार ७१६ |
| ङ. | **अन्य निकाय, मन्त्रालय,प्रदेश पूजीगत तर्फ** | |
| १ | सडक बोर्ड (सडक मर्मत शा.नि.सु.)चालु तथा गतवर्ष समेत | ७६ लाख५० हजार |
| २ | प्रदेश शसर्त तर्फ | ८० लाख |
| ३ | प्रदेश बिशेष तथा सम्पुरक कोष तर्फ | ५० लाख |
| ४ | प्रदेश अन्य अनुदान | ७० लाख |
| ५ | संघिय, अन्य निकाय\मन्त्रालय को भौतिक पूर्वाधार निर्माण तर्फ गै स स समेत | ८५ लाख |
| ६ | सहकारी कोल्ड स्टोर निर्माण तर्फ | ५ करोड |
| ७ | बहुक्षेत्रिय पोषण कार्यक्रम तर्फ | १८ लाख |
| ९ | पर्यटन वोर्ड नेपाल | ४० लाख |
| | **जम्मा** | ९करोड१९लाख ५०हजार |
| च. | **बैदेशिक स्रोत तथा युनिसेफ कार्यक्रम खर्च तर्फ** | |
| | युनिसेफ स्वास्थ्य कार्यक्रम | १८ लाख ४६ हजार ५ सय |
| १ | युनिसेफ खानेपानी तथा सरसफाई कार्यक्रम | ११ लाख |
| २ | युनिसेफ वाल संरक्षण कार्यकम | २२ लाख |
| ३ | युनिसेफ योजना र अनुगमन तर्फ | ५ लाख ५० हजार |
| ४ | युनिसेफ शिक्षा कार्यक्रम | १० लाख ९० हजार ५ सय |
| ५ | अन्य दातृ निकाय कार्य . तर्फ | ३ लाख |
| ६ | युनिसेफ पोषण | १७ लाख ९० हजार |
| ७ | युनिसेफ बाल मैत्री कार्यक्रम | ९ लाख |
| | **जम्मा** | ९७ लाख ७७ हजार |
| | **कुल चालु** | ४८करोड८३लाख३५हजार |
| | **कुल पूजीगत जम्मा** | ३८ करोड ७९ लाख २४हजार ७१६ |
| | **कुल जम्मा बजेट** | ८७ करोड ६२ लाख७४ हजार ७१६ |

उपस्थित महानुभावहरु यस सकटका घडीलाई मनन गर्दै योजना तथा कार्यक्रम तय गर्दा कोभिड-१९ बाट हुन सक्ने प्रभावहरु लाई केन्द्रमा राखि सवै क्षेत्रलाई समेटने प्रयास गरिएकोछ । यसवाट सवै क्षेत्रको सन्तुलित विकासमा टेवा पुग्न जाने विश्वास लिएको छु । योजना तर्जुमा गर्नु मात्र महत्वर्पूण विषय होईन यसको लक्ष्य एवं उद्देश्यहरु प्राप्तीका लागि प्रभावकारी कार्यान्वयन अनुगमन एवं मुल्यांकन हुन जरुरी हुन्छ । त्यसका साथै आवश्यक क्षमता विकास, संस्थागत नीतिगत सुधारका कार्यहरु समेत आवश्यक पर्न जान्छन । यसका लागि आवश्यकता अनुसार सरकारी गैर सरकारी, नागरिक समाज, संचारकर्मी, उपभोक्ता, नगरवासीको समेत संयुक्त सहभागीतामा सम्पादित कामको गुणस्तरको सुनिश्चीतता, पारदर्शिता एवं उत्तरदायित्व वहनमा थप टेवा पुग्ने विश्वास लिएका छौ ।

अन्त्यमा,

प्रस्तुत वजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग पुरयाउनु हुने सम्पूर्ण नगरवासी, वडा नागरिक मंच, वडासदस्य, महिला सदस्य, दलित महिला सदस्य, वडाअध्यक्ष ज्यूहरुलाई धन्यवाद दिन चाहन्छु । यस नगरसभा वाट प्रस्तुत नगरविकास योजनालाई सफल र प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि सम्वद्ध सवै पक्षवाट सहयोगको अपेक्षा गर्दछु ।

प्रस्तुत बजेट तर्जुमा गर्दा सहयोग गर्नु नगर प्रमुख ज्यू, वडा अध्यक्षज्यू, राजश्रश परामर्श समिति बजेट तर्जुमा समिति बिषयगत समिति, महिला, बालबालिका, गैर सरकारी संस्था बिषयगत शाखा लगायत सम्पूर्ण कर्मचारीहरुलाई  सुझावका लागि म आभारी छु । यसै गरि समयमा सहयोग तथा अनुदान दिनु हुने संघिय सरकार र प्रदेश सरकार प्रति आभार प्रकट गर्न चाहान्छु । यस नगरको सार्थक सामान्तजक विकासमा समानन्तर सहयोग पुर्याउने सबै कर दाता र राष्टिय तथा अन्तर्राष्ट्रिय नियोग तथा संस्था साझेदारहरू प्रति समेत आभार प्रकट गर्न चाहन्छु।

(साधना झा)
नगर उप-प्रमुख
संयोजक
बजेट तथा कार्यक्रम तर्जुमा समिति